**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र**
**नियमावलीको नियम ३ बमोजिम सार्बजनिक गरिएको सुचनाको (स्वःत प्रकाशन)**

**विवरण**

**सूचना सार्बजनिक गर्ने निकायको नाम** :आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,आरुघाट, गोरखा।

**सूचना सार्बजनिक गरेको अबधि** : मिति २०८२।०७।०१ देखि मिति २०८२।०९।३० गते सम्म

## १. निकायको स्वरूप र प्रकृति :

नेपाल सरकारको पछिल्लो प्रशासनिक विभाजन अनुसार गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाका ११ स्थानीय तहहरूमध्ये एक आरूघाट गाउँपालिका साविकका ५ वटा गा.वि.स.हरु (आरुचनौटे, आरुपोखरी, आरुअर्बाङ्ग, मान्बु र थुमी) मिलेर स्थापना भएको हो । भौगोलिक हिसाबले ८४°४४'३१.९६" देखि ८४°५८'२०.०९" पूर्वी देशान्तर र २८°२'२१.५५" देखि २८°११'५६.१२" उत्तरी अक्षांशसम्म रहेको यस गाउँपालिकामा उष्ण, सम-शितोष्ण, शितोष्ण, लेकाली र हिमाली हावापानी पाईन्छ। यो गाउँपालिका समुद्री सतहबाट ४७९ मिटर देखि ३७३५ मिटरको उचाइमा रहेको छ। गाउँपालिकाको घर धुरी सर्वेक्षण २०७८ अनुसार १५४.५६ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस आरूघाट गाउँपालिकाको पूर्वमा धादिङ जिल्ला, पश्चिममा बारपाक सुलिकोट गाउँपालिका, उत्तरमा धार्चेगाउँपालिका तथा दक्षिणमा भिमसेनथापा गाउँपालिका पर्दछन्। प्रशासनिक तथा राजनैतिक दृष्टिले यस गाउँपालिकालाई १० वटा वडामा विभाजन गर्नुका साथै गोरखा जिल्लाको निर्वाचन क्षेत्र नं.१, प्रदेशसभाको लागि निर्वाचन क्षेत्र १(ख) गण्डकी प्रदेश अन्तर्गत राखिएको छ। केन्द्रीय तथ्याङ्क बिभाग, राष्ट्रिय जनगणना, वि.सं.२०७८ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिकाको कूल जनसंख्या २१,८७६ (पुरुष : १०४०९,महिला: ११४६७, परिवार संख्या: ६२२०, घरसंख्या ५९५०) रहेको छ।

गाउँपालिकाको अधिकांश क्षेत्र वनजंगल, पहाडी भूभागले ओगटेको खेतीयोग्य एवं उर्वरा जमीन, नदीनाला,जंगली जनावर र जडीबुटी पनि उल्लेख्य मात्रामा मात्रामा रहेका छन् । नेपालको मध्य पहाडी महाभारत पर्वत श्रृंखलामा अवस्थित गोरखा जिल्लाका ११ वटा स्थानीय तहहरूमध्येको एक आरुघाट गाउँपालिका भौगोलिक विविधताले भरिपूर्ण रहेको छ। बुढी गण्डकी नदीले बनाएको गहिरो आरुघाट खोँच देखि अग्ला हिउँदमा कहिलेकाहीँ हिउँ समेत पर्ने सतिडाँडा माथिल्लो धोरतडाँडा लगायत महाभारत पर्वत श्रृंखलासम्म फैलिएको यस गाउँपालिका प्राकृतिक विविधताको धनी र पर्यटकीय दृष्टीले महत्वपूर्ण रहेको छ।

**सीमाना**

पूर्व : धादिङ जिल्लाको गंगा जमुना गाउँपालिका र त्रिपुरासुन्दरी गाउँपालिका, पश्चिम : बारपाक सुलिकोट गाउँपालिका उत्तर : धार्चे गाउँपालिका दक्षिण : भिमसेन थापा गाउँपालिका

**भौगोलिक अवस्थिति**

आरुघाट गाउँपालिका निम्नानुसारको देशान्तरमा र अक्षांश फैलिएको छ। ८४°४४'३१.९६" देखि ८४°५८'२०.०९" पूर्वी देशान्तर र २८°२'२१.५५" देखि २८°११'५६.१२" उत्तरी अक्षांशसम्म रहेको छ। गाउँपालिकाको घर धुरी सर्वेक्षण २०७८ अनुसार १५४.५६ वर्ग.कि.मी. क्षेत्रफल रहेको छ।

**हावापानी अवस्था**

यस गाउँपालिकामा उष्ण, सम-शितोष्ण, शितोष्ण, लेकाली र हिमाली हावापानी पाईन्छ। यो गाउँपालिका समुद्री सतहबाट ४७९ मिटर देखि ३७३५ मिटरको उचाइमा रहेको छ। वार्षिक वर्षा : २६८६मि.मि. औषत वार्षिक तापक्रम : २३०से. मौसम : Sub-Tropical, Temperate, Sub Alpine मुख्य नदीहरु : बुढीगण्डकी, मोदीखोला, आर्खेत खोला, थाटिकखोला, स्तुलखोला, रस्चेतखोला

२. **<u>निकायको काम, कर्तब्य र अधिकार :</u>**गाउँपालिका तथा नगरपालिकाको अधिकारः (१) गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क. नगर प्रहरी
ख. सहकारी संस्था
ग. एफ.एम. सञ्चालन
घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
ङ. स्थानीय सेवाको व्यवस्थापन
च. स्थानीय तथ्याकं र अभिलेख सकंलन
छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना
ज. आधारभूत र माध्यमिक शिक्षा
झ. आधारभूत स्वास्थ्य र सरसफाई
ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाइ
ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
ड. स्थानीय अभिलेख व्यवस्थापन
ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण
ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
त. जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
थ. बेरोजगारको तथ्याकं सकंलन
द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण
ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
न. विपद् व्यवस्थापन
प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

**गाउँपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकारको सुची**

क. खेलकुद र पत्रपत्रिका
ख. स्वास्थ्य
ग. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू
घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
ङ. वन, जगंल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
च. सामाजिक सुरक्षा र गरिबी निवारण

छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याकं

ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वद्र्धन र पुनः निर्माण।

झ. सुकुम्बासी व्यवस्थापन

ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

ट. सवारी साधन अनुमति.

## ३. निकायमा रहने कर्मचारी संख्या र कर्मचारी विवरण :

### आरुघाट गाउँपालिका, आरुघाट गोरखा गाउँ कार्यपालिकाको कार्यालयको दरवन्दी तेरिज

| क्र.स. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | थपिएको दरबन्दी | जम्मा(प्रस्तावित) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | | १ | | १ | |
| २ | इन्जिनियर | ६/७ औं | ईन्जी. | सिभिल | | १ | १ | २ | |
| ३ | अधिकृत | ६/७ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ६/७ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६/७ औ | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | सु.प्र. अ | ६/७ औ | विविध | | | ० | १ | १ | |
| ७ | आन्तरिक लेखा परिक्षण | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ८ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ९ | सहायक | ४ औ | प्रशासन | सा.प्र. | | ० | १ | १ | |
| १० | कम्प्युटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ११ | वातावरण निरिक्षक | ५ औ | विविध | | | | १ | १ | |
| १२ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १३ | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| १४ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.इ. | | १ | | १ | |
| १५ | सि. अनमी | ६ औ | स्वास्थ्य | नर्सिङ | | ० | १ | १ | |
| १६ | हे.अ.।अहेव | ५ औ | स्वास्थ्य | हे.ई. | | ० | १ | १ | |
| १७ | सब- इन्जिनीयर | ५ औं | ईन्जी. | सिभिल | | १ | | १ | |
| १८ | अ.सब.इन्जिनियर | ४ औं | ईन्जी. | सिभिल | | १ | | १ | |
| १९ | स्.महिला विकास निरीक्षक | ४ औं | बिबिध | | | १ | | १ | |
| २० | खा.पा.स.टे. | ४/५ औं | ईन्जी. | सिभिल | स्यानेटरी | १ | | १ | |
| २१ | अमिन | ४ औ | ईन्जी. | सर्भे | | ० | १ | १ | |
| २२ | हेभी सवारी चालक | | | | | ० | १ | १ | करार |
| २३ | हलुका स.चा. | | | | | ० | १ | १ | करार |
| २४ | कार्यालय सहयोगी | | | | | ० | ५ | ५ | करार |
| २५ | पाले | | | | | ० | २ | २ | करार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कार्यालय तर्फ जम्मा | | | | | | १९ | १६ | ३५ | |
| वडा कार्यालय तर्फ (१० वटा) | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प. | | ४ | | ४ | |
| २ | सब –इन्जिनीयर | ५ औं | ईन्जी. | सिभिल | | ४ | | ४ | |
| ३ | सहायक | ४ औं | प्रशासन | सा.प्र. | | ६ | | ६ | |
| ४ | अ.सब इन्जिनियर | ४ औं | ईन्जी. | सिभिल | | ६ | | ६ | |
| ५ | कम्प्युटर सहायक | ४ औ | विविध | | | ० | १० | १० | |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा. प्र. | | ० | १० | १० | करार |
| वडा कार्यालय तर्फ जम्मा | | | | | | २० | २० | ४० | |
| कृषि पशु तर्फ | | | | | | | | | |
| १ | कृषि विकास अधिकृत | ७।८ औं | कृषि | कृषि | | १ | | १ | |
| २ | पशु चिकित्सक | ७।८ औं | कृषि | भेटेरेनरी | | १ | | १ | |
| ३ | प्रा.स. | ५ औं | कृषि | कृषि | | २ | | २ | |
| ४ | प.स्वा.प्रा. | ५ औं | कृषि | भेटेरेनरी | | १ | | १ | |
| ५ | प. से. प्रा. | ५ औं | कृषि | लपोडेडे | | १ | | १ | |
| ६ | ना. प्रा.स. | ४ औं | कृषि | कृषि | | १ | २ | ३ | |
| ७ | ना. प.स्वा.प्रा. | ४ औं | कृषि | भेटेरेनरी | | १ | | १ | |
| ८ | ना. प. से. प्रा. | ४ औ | कृषि | लपोडेडे | | १ | | १ | |
| ९ | ना प.स्वा.प्रा. | ४ औं | कृषि | भेटेरेनरी | | ३ | | ३ | OVOT |
| १० | ना प्रा स | ४ औ | कृषि | कृषि | | १ | | १ | OVOT |
| कृषि पशु शाखा तर्फ जम्मा | | | | | | १३ | २ | १५ | |

नोट : सूचना प्राबिधि अधिकृत,रोजगार संयोजक, कम्प्युटर अपरेटर, सवारी चालक,कार्यलय सहयोगी, चौकीदार लगायत पदमा हाल करार सेवामा कार्यरत कर्मचारीहरु यस दरवन्दी तेरिजमा समावेश गरिएको छैन।

४. **निकायवाट प्रदान गरिने सेवा :**

**नागरिक वडा पत्रः**

**http://surl.li/gqkeg**

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :

गाउँसभा → लेखा, विधायन, सुशासन तथा अन्य समिति

गाउँकार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन समिति

अध्यक्ष (राजु गुरुङ)

उपाध्यक्ष (कल्पना नेपाली) → न्यायिक समिति

प्रमुख प्रशासकीय अधिकृत (भिमसेन श्रेष्ठ)

**प्रशासन, योजना तथा अनुगमन शाखा**
विवेक खनाल (अधिकृत सातौं)
कविराज खनाल
दीपक लामीछाने मगर
**आर्थिक प्रशासन शाखा**
हेमन्त गुरुङ(लेखा अधिकृत)
रविन मिश्र ( स.लेखा अधिकृत)
**राजस्व इकाई**
महेश धिताल
**सूचना प्राविधि इकाई**
**राजन ढकाल** ( IT.अधिकृत)

**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**
सन्दिप मरहट्टा
बसन्त गुरुङ
**खानेपानी तथा सरसफाई**
राम बहादुर ओली
**नक्सा उपशाखा**
अमिन -गोविन बि.क.

**सामाजिक तथा आर्थिक विकास शाखा**
लीला श्रेष्ठ
**सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई**
नवराज खनाल (MIS)
**मेड्पा कार्यक्रम**
जुना पौडेल

**शिक्षा युवा तथा खेलकुद शाखा**
करुणा पनेरु (अधिकृत सातौं)
अमिर धानुक

**स्वास्थ्य शाखा**
प्रविन थापा (जनस्वा. नि.)
सुनिता अधिकारी

**आ.ले.प इकाई**

**कृषि तथा पशुसेवा शाखा**
ईन्द्रहरी खनाल -अधिकृत छैटौ
नम्रता आचार्य-कृषि स्नातक
प्रसन्न धमला
जनक बोहरा

**रोजगार सेवा केन्द्र**
अस्मिता खड्का( रोजगार संयोजक)

**वडा कार्यलय**
ध्रुवराज पराजुली-१,२
अनिता महरा -८
लेख बहादुर वि क-९,१०
बसन्त साउद-६
हरिदेव कुमार चौधरी-७
नवराज घिमिरे-४
सृजना खनाल-५
प्रिन्स आचार्य-३

**प्राविधिक तर्फ**

| | |
|---|---|
| निशा ठकुराठी | रामजी अधिकारी |
| एडिना राई | जयसन्तोष घिमिरे |
| नरेश यादव | श्रीकृष्ण पोखरेल |
| किशु गुरुङ | सविन वराम |
| शोभा वराम | वासुदेव पोखरेल |
| समिन्द्र सुनार | रमेश के.सी |
| दिपक चन्द | बिस्न राज ढकाल |
| जीवन खड्का | |

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अबधि :**

नागरिक वडापत्रमा उल्लेख गरिए वमोजिम हुनेछ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकार:**

स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित ऐन, नियमावली र कार्यविधि वमोजिम

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

प्रमुख प्रशासकीय अधिकृत

९. **सम्पादन गरेको कामको विवरण :**

स्थानीय तहको काम कर्तव्य र अधिकार वमोजिम कार्य सम्पादन

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**

कार्यालय प्रमुखको नामः भिमसेन श्रेष्ठ

पदः प्रमुख प्रशासकीय अधिकृत

सुचना अधिकारीको नामः विवेक खनाल

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सुची :**

१. **ऐनहरु**

| |
|---|
| आरुघाट गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ |
| आरुघाट गाउँपालिका शिक्षा ऐन, २०७५ |
| सहकारी (दर्ता, सञ्चालन र नियमन) ऐन, २०७५ |
| आरुघाट गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५ |
| गाउँ विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७६ |
| स्वास्थ्य ऐन, २०७६ |
| आरुघाट गाउँपालिकाको शिक्षा ऐन, २०७६ |
| आरुघाट गाउँपालिकाको पूवार्धार व्यवस्था सम्बन्धि ऐन, २०७६ |
| आरुघाट गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६ |
| वातावरण तथा प्राकुतिक स्रोत संरक्षण एेन, २०७६ |
| आरुघाट गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ |
| सुशासन तथा व्यवस्थापन ऐन, २०७८ |
| कर तथा गैर कर सम्बन्धि ऐन, २०७८ |
| कृषि तथा पशुपन्छी ऐन, २०७८ |
| फोहोरमैला व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०७८<br>आरुघाट गाउँपालिकाको शिक्षा ऐन २०७५ तेस्रो संशोधन |

## २. कार्यविधिहरु

| नियमावली/कार्यविधिहरुको नाम |
|---|
| गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ |
| गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ |
| आरुघाट गाउँकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ |
| आरुघाट गाउँपालिकाको उपभोक्ता समिती गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ |
| भूकम्प पिडित सहयोग घुम्तिकोष सञ्चालन कार्यविधि, २०७४ |
| स्थानिय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७४ |
| आधारभूत तथा माध्यमिक करार शिक्षक नियुक्ति सम्बन्धि कार्यविधि, २०७४ |
| आधारभूत शिक्षा परीषा सञ्चालन तथा व्यवस्थापन कार्यविविध, २०७४ |
| आरुघाट गाउपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ |
| आरुघाट गाउँपालिका गाउँसभा सञ्चालन कार्यविधि, २०७५ |
| आरुघाट गाउँपालिकाबाट गरिने अनुगमन निर्देशिका, २०७४ |
| न्यायिक समितीको कार्यविधि, २०७५ |
| "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ |
| शिक्षक दरबन्दी मिलान तथा विद्यालय गाभ्ने र तह घटाउने वा बढाउने कार्यविधि, २०७६ |
| स्थानिय श्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ |
| आरुघाट गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६ |
| आरुघाट गाउँपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७६ |
| अपाङ्ग भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७६ |
| आरुघाट गाउँपालिका व्यवसाय दर्ता कार्यविधि, २०७६ |
| लेखा समितिको कार्य संचालन नियमावली २०७७ |
| संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ |
| कृषि तथा पशुपन्छी पालन अनुदान कार्यक्रम संचालन कार्यविधि |
| बाजो जग्गा उपयोग अनुदान कार्यविधि – २०७८ |
| आरुघाट गाउँपालिकाको बेरोजगारलाई रोजगार ,रोजगारलाई स्वोरोजगार कार्यक्रम संचालन कार्यबिधि २०७८ |
| व्याकहो लोडर संचालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि २०७८, पहिलो संसोधन |
| टोल विकास समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ |
| सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७८ |
| आरुघाट गाउँपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि २०८० |
| करार शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि २०८० |
| आरुघाट गाउँपालिकाको शिक्षक दरवन्दी मिलान, विद्यालय समायोजन तथा एकीकरण सम्बन्धी कार्यविधि २०८० |
| आरुघाट गाउँपालिकाको भू: उपयोग मापदण्ड २०८० |

| |
|---|
| सुनौला हजार दिनका आमाहरुसंग उपाध्यक्ष भेटघाट कार्यक्रम संचालन कार्यविधि २०८० |
| प्रसुती महिलाका लागि एम्बुलेन्स सेवा संचालन कार्यविधि २०८० |
| गाउँपालिकासँग अध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०८० |
| पशु जन्य उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि – २०८० |
| कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० |
| लम्किस्किन रोग रोकथाम, नियन्त्रण र राहत सम्बन्धि कार्यविधि, २०८० |
| आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०८० |
| खानेपानी मुहान दर्ता सम्बन्धि कार्यविधि, २०८० |
| विषयगत समिति कार्यसंचालन कार्यविधि, २०८० |
| आरुघाट गाउँपालिकाको वाल अधिकार संरक्षण तथा संवर्धन सम्बन्धि कार्यविधि, २०८१ |
| आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ |
| आरुघाट गाउँपालिकाको अनुदानमा आधारित पशु विमा कार्यक्रम संचालन कार्यविधि २०८१ |
| आरुघाट गाउँपालिकाको पोषण समुह गठन, पुर्गठन, नविकरण र व्यवस्थापन निर्देशिका, २०८१ |
| आरुघाट गाउँपालिकाको करार शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि २०८० को संशोधन |
| आरुघाट गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८१ |
| आरुघाट गाउँपालिकाको कृषि तथा पशुपन्छिपालन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७ को संशोधन |
| आरुघाट गाउँपालिकाको पशुजन्य उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि २०८० को संशोधन |
| आरुघाट आधारभूत अस्पतालमा सामाजिक सेवा ईकाई संचालन सम्बन्धी कार्यविधि, २०८१ |
| आरुघाट गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहको मापदण्ड, २०८१ |
| स्वास्थ्य वीमा संयोजन समिति गठन र संचालन सम्बन्धी कार्यविधि, २०८२ |
| उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय सम्मान कार्यविधि, २०८२ |
| आरुघाट गाउँपालिकाको उर्जा विकास सम्बन्धि निर्देशिका, २०८२ |
| हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ |
| भिमोदय माध्यमिक विद्यालयको स्कुल वस संचालन कार्यविधि, २०८२ |
| प्रधानाध्यापक तथा करार शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२ |

**१२.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

प्रस्तावित आय-(०८२-८३)-६१,६०,५०,०००।-

हालसम्मको वास्तविक आय(०८२।८३) – ३२,९४,३७,९५१।–

हालसम्मको गाउँपालिकाको आन्तरिक आय- २९,५२,८०३।-

हालसम्मको खर्च- १७,१४,४७,६७८।- (२७.८३%)

**१३.तोकिए वमोजिम अन्य विवरण :**

आ.व. २०८२।८३ (कार्तिक-पौष) मा सुचना माग गरी परेका निवेदन संख्याः१

सुचना उपलब्ध गारईएको संख्याः१

## १४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :(२०८१।८२)

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमका योजना | १४ | ७५२६४७ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १३६ | २१७७२८५३ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ५३ | १८७४०८५२ |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | ३६ | २२७००००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १६ | १८१९०००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ६ | ८५१००००० |
| | **जम्मा** | **२६१** | **१६७२५६३५२** |

**आ.व. २०८२।८३ का गाउँपालिका स्तरिय ठुला आयोजनाहरु:**

१. आरुघाट- आरुटार-फुलपाती भञ्याङ-आर्वाङ-आप्रिक सडक(संघीय समपुरक आयोजना)-१ करोड ७४ लाख
२. सोती-मान्बुवेशी- पेल्चेत- केरौजा सडक आयोजना। (संघीय समपुरक आयोजना)-५ करोड ३० लाख
३. सितलामाई मन्दिर तथा आरुपोखरी पोण्ड निर्माण योजना। (पर्यटन उपज साझेदारी)-६० लाख
४. अर्मला स्यामराङ देउराली सडक निर्माण आयोजना।(प्रदेश समपुरक आयोजना)-१३ लाख
५. आरुपोखरी(ठुलो पधेरा) खानेपानी आयोजना। (प्रदेश विशेष)-१७ लाख
६. पोल्चेत खानेपानी आयोजना (प्रदेश विशेष आयोजना)-४० लाख
७. धोरत भुतखोला घुन्चेत कोमराङ सिंचाई योजना(संघीय विशेष आयोजना)-६८ लाख
८. तिरतिरे ढकालगाउँ घ्यापिन्थोक रानिस्वारा सिस्नेरी आरुपोखरी सडक (प्रदेश समपुरक)-१ करोड २० लाख
९. आरुघाट वजार हस्पिटल चोक सडक स्तरोन्नती-५० लाख
१०.मुरलीचोक -धारापानी- भदुवार सडक -५० लाख (सशर्त)
११.सतिडाडा पार्क निर्माण आयोजना।
१२.स्टोन पार्क निर्माण आयोजना।
१३.आरुघाट- महादेवथान-धारापानी-लामबगर-मुरलीचोक सडक आयोजना।
१४.आर्खेत-थुमि -ढोडेनी-बासपुर सडक आयोजना।
१५.आरुघाट भञ्याङ- बासबोटे-तिरतिरे-सिस्नेरी- गैरीछाप सडक आयोजना-
१६.देवी जलकुमारी मन्दिर तथा पार्क निर्माण आयोजना।

**१५.सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण :**

https://aarughatmun.gov.np/

**सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

वैदेशिक सहायता कुनै परियोजना नभएको

**१६.सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको विवरण :**

१. वजेट तथा कार्यक्रम पुस्तिकामा रहेका योजना तथा कार्यक्रमहरु

**१७.सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयवाधि :**

कानुन वमोजिम गोप्य राख्नुपर्ने भनिएका बाहेक सवै सुचनाहरु प्रकाशन हुने गरेको ।

**१८.सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निबेदन र सो उपर सूचना दिएको विवरण :**

आ.व. २०८२।८३ ( कार्तिक-पौष) मा सुचना माग गरी परेका निवेदन संख्याः१

सुचना उपलब्ध गारईएको संख्याः१

**१९.सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन बह्येको वा हुने भएको भए सोको विवरण :**

- **Website:** https://aarughatmun.gov.np/
- **Facebook:** https://www.facebook.com/arughatrm